कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं १, नेपाल

# कटहरी गाउँपालिकाको खर्चको मापदण्ड, २०७८

## कटहरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कटहरी, मोरंग

Scanned with CamScanner

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं १, नेपाल

## कटहरी गाउँपालिकाको खर्चको मापदण्ड, २०७८

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०७८/१०/२८

<u>प्रस्तावना</u> :-कटहरी गाउँपालिका एवम् गाउँपालिकाका लागि स्वीकृत कार्यक्रम बमोजिम कार्यालयले आयोजना गर्ने तालिम, गोष्ठी, सभा, सम्मेलन, समारोह आदिमा गरिने खर्चमा एकरुपता, पारदर्शिता तथा अनुमान योग्यता समेत ल्याउनका लागि कटहरी गाउँपालिका गाउँकार्यपालिकाले यो मापदण्डको तर्जुमा गरी लागू गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो मापदण्डको नाम **"कटहरी गाउँपालिकाको खर्चको मापदण्ड, २०७८"** रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

२. **<u>परिभाषा र व्याख्या</u>** : विषय वा प्रसाङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा-

(क) **"अख्तियार प्राप्त अधिकारी"** भन्नाले देहाय बमोजिमका कानुनले तोके बमोजिमको अख्तियार प्राप्त अधिकारीलाई सम्झनुपर्छ :

(ख) **"कार्यालय"** भन्नाले गाउँपालिका मातहतको गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ग) **"मापदण्ड"** भन्नाले कटहरी गाउँपालिकाको खर्चको मापदण्ड, २०७८लाई सम्झनुपर्छ ।

(घ) **"गाउँपालिका"** भन्नाले कटहरी गाउँपालिका मोरङ लाई सम्झनुपर्छ ।

(ङ) **"कार्यपालिका"** भन्नाले कटहरी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

(च) **" कार्यक्रमको सहभागी भन्नाले"** कार्यक्रम, तालिम, गोष्ठी आदीमा उपस्थित हुने सहभागी, प्रशिक्षक, सहजकर्ता, श्रोत व्यक्ति, तालिम संयोजक, सहयोगि, अनुगमनकर्ता र अतिथि समेतलाई जनाउनेछ ।

३. **<u>स्वीकृत कार्यक्रम भित्रबाट तालिम, गोष्ठी, सेमिनार आदिमा गरिने खर्चको सीमा</u>** :

(१) कार्यालयले स्वीकृत वार्षिक तथा नियमित प्रकृतिका तालिम, गोष्ठी, सेमिनार आदिमा देहाय बमोजिमको सीमाभित्र रहेर मात्र खर्च गर्न सक्नेछ :

| सि.नं. | प्रयोजन/विवरण | दर (रु.) | स्पष्टीकरण/कैफियत |
|---|---|---|---|
| १. | **<u>कार्यपत्र प्रस्तुती (अधिकृतस्तर)प्रति कक्षा</u>**<br>क) बाहिरी प्रस्तुतकर्ता<br>• कार्यपत्र वापत् / प्रवचन वापत<br>ख) आन्तरिक प्रस्तुतकर्ता<br>• प्रवचन/कार्यपत्र वापत् | • रु. १,४००।००<br><br>• रु. १,४००।०० | |
| | **<u>कार्यपत्र प्रस्तुती (सहायकस्तर)प्रतिकक्षा</u>**<br>क) बाहिरी प्रस्तुतकर्ता<br>• कार्यपत्र वापत् / प्रवचन वापत्<br>ख) आन्तरिक प्रस्तुतकर्ता<br>• प्रवचन/कार्यपत्र वापत् | • रु. १,४००।००<br><br>• रु. १०००।०० | |
| २. | सि.नं. (१) माथि उल्लिखित कार्यपत्रको टिप्पणीकर्ताको पारिश्रमिक (प्रति कार्यपत्र)प्रति कक्षा | रु. ४,००।०० | एउटा कार्यपत्रमा दुई जनाभन्दा बढी टिप्पणीकर्ता रहन मिल्दैन । |
| ३. | खाजाखर्च (प्रति दिन) | रु. २००।०० | |

अध्यक्ष

Scanned with CamScanner

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं १ नेपाल

| | | | |
|---|---|---|---|
| | (सहभागी तथा श्रोत व्यक्ति एवम् सहयोगीहरुलाई) | | |
| ४. | • सहभागी स्टेशनरी खर्च तिनदिन सम्मको कार्यक्रमको हकमा (प्रति सहभागी तथा श्रोत व्यक्ति)<br><br>• सहभागी स्टेशनरी खर्च तिन दिन भन्दा लामो अवधिको कार्यक्रमको हकमा (प्रति सहभागी तथा श्रोत व्यक्ति) | रु. १५०।००<br><br>२५०।०० | |
| ५. | आवासीय कार्यक्रम भए खाना खर्च (प्रति छाक) प्रति सहभागी | रु. ३५०।०० | |
| | आवासीय कार्यक्रम भए वाँस खर्च (प्रतिदिन) प्रति सहभागी | प्रचलित बजार दर अनुसार | |
| ६. | व्यानर वापत् (उद्घाटन तथा समापन) | रु. १,०००।०० | |
| ७ | सहभागि भत्ता प्रतिदिन | ५००।०० देखि १०००।०० सम्म | |
| ८ | सहभागिलाई खाना समेत खुवाउनु पर्ने अवस्था भएमा (प्रति छाक) प्रति सहभागी | रु ३५०।०० | |
| ९ | सहभागी यातायात खर्च (आतेजाते वापत्) | अधिकतम रु. ७००।०० सम्म । | |
| १० | मसलन्द सामाग्री खर्च<br>• तीन दिन सम्मको हकमा<br>• तीन दिन देखि ७ दिन सम्म हकमा<br>• ७ दिन भन्दा लामो अवधिको हकमा | <br>रु. ५,०००।००<br>रु ७०००।००<br>रु १०,०००।०० | |
| ११ | कार्यक्रम संयोजक भत्ता-प्रति दिन) | रु. १५००।०० | |
| | लेखा / प्रशासन सहयोग प्रति दिन | रु १०००।०० | |
| १२ | सहयोगी भत्ता-प्रति दिन) | रु. ५००।०० | |
| १३ | विविध | न्युनतम रु. ५,०००।०० देखी अधिकतम रु. १०,०००।०० सम्म । | |
| १४ | तालिम सुविधा-तालिम कक्ष तथा भाडामा लिनुपर्ने उपकरणको भाडा) | प्रचलित बजार दर | |
| १५ | प्रतिवेदकको पारिश्रमिक | रु. १,०००।०० | |
| | अनुगमन भत्ता (प्रतिदिन) प्रतिव्यक्ति | रु १०००।०० | |
| १६ | तालिम सामाग्री -कच्चा पदार्थ, नमूना, इन्धन, पोकावन्दीका सामान, खरिद गर्नुपर्ने सानातिना औजार, ह्यान्ड्स आउट, पुस्तक, झोला, जेनेरेटर भाडा, प्रोजेक्टर भाडा, सवारी साधन ढुवानी भाड आदि) | प्रचलित बजार दर | |

कुमार कार्की
अध्यक्ष

Scanned with CamScanner

(४) गाउँपालिका भन्दा बाहिरबाट श्रोत व्यक्ति, सहजकर्ता वा प्रशिक्षक झिकाई कार्यक्रम संचालन गर्नुपर्ने भएमा त्यस्ता श्रोत व्यक्ति, सहजकर्ता वा प्रशिक्षकलाई उपदफा १ को सि.नं. १ मा उल्लेखित सुविधाका अतिरिक्त कार्यक्रम अवधिभरको नियम अनुसार पाउने दैनिक भ्रमण भत्ता समेत भुक्तानी गर्नुपर्नेछ यसरी दैनिक भ्रमण भत्ता भुक्तानी गरिएमा त्यस्ता सहजकर्ताको खाना र बाँस खर्च भुक्तानी गरिने छैन।

(५) कार्यालयले उपदफा (१) मा उल्लिखित शीर्षक र दरभन्दा बाहेक अन्य शीर्षक र दरमा स्वीकृत कार्यक्रम भित्रैबाट र कम विनियोजन गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने भएमा अख्तियारप्राप्त अधिकारीबाट निर्णय गराएर मात्र कार्यकम सञ्चालनको व्यवस्था मिलाउनु पर्नेछ।

(६) स्वीकृत कार्यकम सञ्चालनका लागि आवश्यक पर्ने स्रोत व्यक्तिको उपलब्धता गाउँपालिका क्षेत्रभित्र नभएमा अख्तियारप्राप्त अधिकारीबाट त्यस्ता स्रोत व्यक्तिलाई उपलब्ध गराइने पारिश्रमिक तथा अन्य सुविधाको दर र रकमको बारेमा निर्णय गराई कार्यालयले कार्यकम सञ्चालनको व्यवस्था मिलाउनु पर्नेछ।

(७) यस मापदण्डमा उल्लिखित व्यवस्थाको हकमा यसै मापदण्ड बमोजिम तथा यस मापदण्डमा समावेश हुन नसकेमा विषयमा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिकामा उल्लिखित प्रावधान बमोजिम कार्यालयले कार्यकम सञ्चालनको व्यवस्था मिलाउनु पर्नेछ।

(८) गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले श्रोत व्यक्तिको रुपमा भूमिका निर्वाह गरेमा निजहरुलाई अधिकृतस्तरको र वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यहरुले श्रोत व्यक्तिको रुपमा भूमिका निर्वाह गरेमा निजहरुलाई सहायकस्तरको सेवा सुविधा उपलब्ध गराइनेछ।

(९) **यसै मापदण्ड अनुरुप भए गरेको मानिने :** यो मापदण्ड स्वीकृत भई लागु हुन अघि आ.व. २०७७/०७८ को श्रावण देखि भए गरेका कार्यक्रमहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

(१०) संघ, संस्था, समिति, वा साझेदार संस्थाहरु मार्फत साझेदारीमा संचालन हुने गाउँपालिकाको योजना तथा कार्यक्रमहरुको हकमा समेत यसै मापदण्ड अनुसार गर्नु गराउनु पर्नेछ।

११. **वाधा अड्काउ फुकाउन सकिने :** यस मापदण्डमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्न कुनै द्विविधा वा वाधा अड्चन आइपरेमा वा संशोधन गर्नुपर्ने भएमा कार्यपालिकाले निर्णय गरी त्यस्तो द्विविधा वा वाधा अड्चन फुकाउ वा संसोधन गर्न सक्नेछ।

Scanned with CamScanner